पशुपन्छी तर्फत (माछा) बीमालेख नं.:०३
प्राधिकरणबाट जारी मिति: २०८०।०२।३०

..............................इन्स्योरेन्स कम्पनी लिमिटेड

माछा बीमालेख

यस बीमालेखमा उल्लेख भएको माछा पालनमा हुने क्षति विरूद्ध बीमा गर्नको लागि बीमितले बीमाशुल्क भुक्तानी गरेको हुनाले द्विपक्षीय बीमा करारको रूपमा .... बीमा कम्पनी (बीमक) ले यो बीमालेख जारी गरेको छ।

परिच्छेद -१

प्रारम्भिक

१. बीमालेखको नाम र प्रारम्भः (१) यस बीमालेखको नाम "माछा बीमालेख" रहेको छ।

(२) यो बीमालेख बीमितले बीमाशुल्क भुक्तानी गरेपश्चात् प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा,-

(क) "अप्रत्यक्ष क्षति" भन्नाले बीमा गरिएको जोखिमको कारणले हुने अप्रत्यक्ष वा एउटा घटनाको परिणामस्वरूप हुने अन्य क्षति सम्झनु पर्छ।

(ख) "अभिलेख" भन्नाले यस बीमालेख बमोजिम बीमा गरिने माछामा तोकिए बमोजिमको जलाशयको क्षेत्रफल, उत्पादन र उत्पादन व्यवस्थापनसंग सम्बन्धित अभिलेख सम्झनु पर्छ।

(ग) "अर्ध-सघन माछापालन" भन्नाले प्राकृतिक आहारा तथा कृत्रिम दाना खुवाई प्रति हेक्टर दश हजारका दरले व्यवसायिक रूपमा गरिने माछापालन सम्झनु पर्छ।

(घ) "उचित स्याहार" भन्नाले यस बीमाललेखको माछा पालन सम्बन्धी प्राविधिक व्यवस्थामा उल्लेख भएका प्रावधानहरुको परिपालन गरिएको अवस्था सम्झनु पर्छ।

(ङ) "एक जातीय माछापालन प्रविधि " भन्नाले एक पटकमा एउटा जलाशयमा एकै जातका माछा पालन गरिने प्रविधि सम्झनु पर्छ।

(च) "एडभान्स फिंगरलिङ्ग" भन्नाले दश ग्राम भन्दा बढी तौल भएको माछाको भूरा सम्झनु पर्छ ।

(छ) "मूलभूत विवरण" भन्नाले बीमा गरिएको वस्तुको जोखिमलाई फरक पार्न सक्ने महत्वपूर्ण विवरण सम्झनु पर्छ।

(ज) "दावी" भन्नाले बीमा गरिएको वस्तुको क्षति बापत् बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

(झ) दुर्घटना" भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र सांघातिक माध्यमबाट हुने आकस्मिक र अप्रत्याशित घटना सम्झनु पर्छ।

(ञ) ‘‘दक्ष प्राविधिक’’ भन्नाले कृषि वा पशु विज्ञान विषय वा मत्स्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको व्यक्ति सम्झनुपर्छ ।

(ट) ‘‘पशुसेवा कार्यालय’’ भन्नाले स्थानीय तह न.पा/गा.पा.मा रहेको पशु सेवा शाखा वा सम्बन्धित पालिका कार्यक्षेत्रमा रहेको प्रदेश मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मत्स्य विकास कार्यालय वा प्रादेशिक फार्म केन्द्र वा मत्स्य विकास केन्द्र सम्झनु पर्छ ।

(ठ) ‘‘प्राविधिक जाँच सिफारिस’’ भन्नाले बीमा गर्न प्रस्तावित माछा स्वस्थ तथा बीमायोग्य छ वा छैन भनी सम्बन्धित प्राविधिकद्वारा अध्ययन, अवलोकन गरी सिफारिस गर्ने कार्यलाई सम्झनु पर्छ ।

(ड) ‘‘प्राविधिक’’ भन्नाले एस.एल.सी/एस.ई. ई वा सो सरहको परीक्षा उत्तिर्ण गरी पशु विज्ञानमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा पशु विज्ञान विषय लिई टी.एस.एल.सी. उत्तीर्ण गरेको वा पशु विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा सोभन्दा माथिल्लो योग्यता प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ढ) ‘‘फिंगरलिङ्ग’’ भन्नाले दुई ग्राम देखि दश ग्रामसम्मको तौल भएको माछाको भुरा सम्झनु पर्छ ।

(ण) ‘‘फ्राइ" भन्नाले सरदर दुई ग्रामसम्मको तौल भएको माछाको भुरा सम्झनु पर्छ ।

(त) ‘‘बहुजातीय माछा पालन प्रविधि’’ भन्नाले एक पटकमा एउटा जलाशयमा दुई वा दुई भन्दा बढी जातका माछा पालन गरेको प्रविधि सम्झनु पर्छ ।

(थ) ‘‘बीमक’’ भन्नाले बीमा ऐन, २०७९ बमोजिम बीमा व्यवसाय गर्न इजाजतपत्रप्राप्त बीमा कम्पनी सम्झनु पर्छ ।

(द) ‘‘बीमा अवधि’’ भन्नाले बीमालेखको अनुसूचीमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने अवधि सम्झनु पर्छ ।

(ध) ‘‘बीमा गरिएको वस्तु’’ भन्नाले बीमालेखको तालिकामा उल्लेख भए अनुसारको माछाको बीमा सम्झनु पर्छ ।

(न) ‘‘बीमाङ्क रकम’’ भन्नाले बीमालेख बमोजिम माछा रक्षावरण गरिएको रकम सम्झनु पर्छ ।

(ऩ) ‘‘बीमालेख’’ भन्नाले बीमकले जारी गर्ने माछा बीमालेख सम्झनु पर्छ र सो शब्दले रसिद, प्रस्ताव फाराम, अनुसूची, तालिका लगायत बीमालेखसँग संलग्न कागजात सम्झनु पर्छ ।

(प) ‘‘बीमाशुल्क’’ भन्नाले बीमालेखमा उल्लेख गरिएको माछाको बीमा गर्दा प्रतिफलको रूपमा बीमितबाट एकमुष्ठ वा किस्ताबन्दी रूपमा बीमकले लिने रकम सम्झनु पर्छ ।

(फ) ‘‘बीमित’’ भन्नाले बीमा गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले बीमालेखबाट लाभ लिन पाउने अधिकार भएको व्यक्ति तथा संस्थालाई समेत जनाउँछ ।

(ब) ‘‘ब्रूड स्टक ’’ भन्नाले प्रजनन उद्देश्यका लागि पालन गरिने माछा सम्झनु पर्छ ।

(भ) "मत्स्य बीज" भन्नाले माछाको भुरालाई सम्झनु पर्छ ।

(म) "माछा" भन्नाले कानूनले पालन गर्न सिफारिस गरेका माछाका जातहरु सम्झनु पर्छ ।

(य) "माछा पालन" भन्नाले व्यवसायीक रुपले माछापालन गरेर बिक्रि वितरण गरी आय आर्जन गर्ने उद्देश्यले गरिएको माछा पालन सम्झनु पर्छ ।

(र) "मृत्युको जानकारी वा निस्सा" भन्नाले सम्बन्धित प्राविधिकले बीमित माछा मृत्यु भएको व्यहोरा जनाई लिखित रूपमा गरेको सिफारिस सम्झनु पर्छ ।

(ऱ) "रक्षावरण" भन्नाले बीमालेखमा उल्लेख भएको माछामा भएको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि मञ्जुर गरेको अवस्था सम्झनु पर्छ ।

(ल) "लापरवाही" भन्नाले बीमा गरिएको माछामा लाग्ने रोगहरुको विरुद्ध निर्धारित समयमा नै आवश्यक प्रतिरोधात्मक उपायहरु नअपनाएको वा उचित स्याहार, हेरचाह र उपचार नगराएको वा जानाजान हानी गर्न खोजिएको अवस्था सम्झनु पर्छ ।

(व) "सघन माछापालन" भन्नाले माछालाई कृत्रिम दाना खुवाई पानीको गुणस्तर व्यवस्थापनका लागि एरियेटरको प्रयोग वा पानीको फेरबदल गरि प्रति हेक्टर माछाको स्टकिंग पन्ध्रहजारका दरले गरिएको व्यवसायिक माछा पालन सम्झनु पर्छ ।

(श) "क्षति" भन्नाले कुनै घटना घटी वा विपत्ति परी वा जंगली जनावरको आक्रमणबाट वा रोग वा किरा लागी बीमा गरिएको वस्तुको हानी भई, बिग्रिई, नष्ट वा नाश भई हुने आर्थिक क्षति सम्झनु पर्छ ।

(ष) "क्षतिपूर्ति" भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई प्रदान गर्ने दावी बापतको रकम सम्झनु पर्छ ।

(स) "क्षति मूल्याङ्कन प्रतिवेदन" भन्नाले बीमक वा क्षति मूल्याङ्कनकर्ताले माछा पालनमा रक्षावरण गरिएको जोखिमबाट आर्थिक क्षति भएको भनी यकिन गरी दिएको प्रतिवेदन सम्झनु पर्छ ।

(ह) "क्षति मूल्याङ्कनकर्ता" भन्नाले यस बीमालेखमा भएको क्षतिको मूल्याङ्कन गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(क्ष) "क्षतिपूर्ति" भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई प्रदान गर्ने दावी बापतको रकम सम्झनु पर्छ ।

परिच्छेद-२

रक्षावरण

३. रक्षावरणः देहायका कारणबाट बीमा गरिएको माछामा बीमा अवधिभित्र उल्लिखित क्षति भएमा बीमकले बीमाङ्क रकमको सीमा भित्र रही क्षतिपूर्ति प्रदान गर्नेछ:-

(क) अग्निजन्य क्षतिः

(१) आगलागी वा अग्नीको कारणले भएको क्षति

(ख) हावाजन्य क्षतिः

(१) हुरीबतासको कारणले भएको क्षति,

(२) आँधिबेहरी वा तुफानको कारणले भएको क्षति।

(ग) पानीजन्य क्षतिः

(१) अतिवृष्टिको कारणले भएको क्षति,

(२) असिना, हिउँ वा तुषारोको कारणले भएको क्षति,

(३) बाढी वा डुबानको कारणले भएको क्षति।

(घ) भूमिजन्य क्षतिः

(१) भूकम्पको कारणले भएको क्षति,

(२) पहिरो वा भू-स्खलनको कारणले भएको क्षति।

(ङ) चट्याङ्जन्य क्षति

(१) चट्याङको कारणले भएको क्षति।

(च) रोगजन्य क्षति

(१) रोगको कारणले भएको क्षति।

(छ) आकस्मिक तथा दुर्घटनाजन्य बाह्य कारणहरुबाट हुने

(१) बिषालु पदार्थबाट माछा मरेमा।

(२) माछा पोखरीमा अक्सिजनको कमि भएमा।

(३) माछा पोखरीमा एमोनियाको कमि भएमा।

४. अतिरिक्त सुविधाः यस बीमालेखमा उल्लेख गरिएको बीमा अवधिभित्र देहायको अवस्था सिर्जना भएमा दुर्घटना बीमा बापत बीमाङ्क रकम रु.२,००,०००।- (अक्षरेपी दुईलाख रूपैयाँ) बीमकले बीमितलाई भुक्तानी गर्नेछ।

(क) आत्महत्या बाहेक अन्य कुनै पनि दुर्घटनाको कारणले मृत्यु भएमा

(ख) स्पाइनल इन्जुरीको कारण पुनः ठीक नहुने गरी रिढको हड्डी काम नलाग्ने भएमा

(ग) कुनै एउटा हात पुरै काम नलाग्ने भएमा

(घ) कुनै एउटा खुट्टा पुरै काम नलाग्ने भएमा

(ङ) दुईवटै आँखाको दृष्टि गुमेमा

परिच्छेद-३

अपवाद

५. अपवादः यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले देहायका कारणबाट हुने क्षतिको क्षतिपूर्ति प्रदान गर्ने छैनः

(क) अप्रत्यक्ष क्षतिः माछा पालनबाट भएको क्षतिको कारणबाट हुने अन्य अप्रत्यक्ष क्षति भएमा,

(ख) अधिकार प्राप्त निकायबाट पुर्याइएको क्षतिः अधिकार प्राप्त निकायको आदेशमा माछा नष्ट गरिएमा,

(ग) विकिरणयुक्त पदार्थः विकिरणयुक्त पदार्थ वा विकिरणयुक्त फोहोरको संसर्ग (कन्टामिनेशन) बाट क्षति भएमा,

(घ) आणविक, रासायनिक तथा जैविक हतियारः आणविक, रासायनिक तथा जैविक आम विनाशकारी हतियारको प्रयोगबाट क्षति भएमा,

(ङ) युद्ध वा युद्ध सरहको अवस्थाः सैनिक विद्रोह, शक्ति अपहरण, घेराबन्दी वा युद्ध, आक्रमण, विदेशी सैन्य कारवाही वा कुनै युद्ध सरहको कारवाही वा गृहयुद्ध वा राजद्रोह वा सो सरहको अवस्थाको कारणले क्षति भएमा,

(च) अन्य क्षति: देहायको कारणले भएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः-

(१) माछाको सम्बन्धमा सत्यतथ्य कुरा लुकाई, छिपाई झुठ्ठा विवरण दिएको पाइएमा।

(२) बीमितले वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले जानाजान वा मनोरञ्जनको उद्देश्यले अथवा परीक्षण वा लापरवाहीको कारणले माछामा क्षति पुर्याएमा।

(३) बीमितले वा निजको एकाघर परिवारका सदस्य वा कर्मचारी वा कामदारले रिसइबीपूर्ण व्यवहारको कारणबाट माछामा क्षति भएमा।

(४) माछा हराएमा वा चोरी भएमा।

बीमा गरिएको माछा प्रथम पटक बीमालेख जारी भएको मितिले पन्ध्रदिनभित्र रोगको कारणबाट मरेमा।

तर, बीमितले सोहि बीमालेख सोही बीमकमा पुनः बीमा गरेको अवस्थामा यो व्यवस्था लागू हुने छैन।

(५) बीमा गरिएको माछा जुन प्रयोजनका लागि ल्याईएको हो सो भन्दा अन्य प्रयोजनमा प्रयोग गरेमा।

(६) पानीको गुणस्तर व्यवस्थापन तथा माछाको रोग व्यवस्थापन गर्दा कुनै किसिमको रसायन वा विषादी प्रयोगको कारणले माछा मरेमा।

(७) नियमित माछाको वृद्धि जांच गर्दा व्यवस्थापनमा कमि कमजोरी हुँदा वा पोखरी वा रेसवे सफा गर्दा, पोखरीको पानि फेरबदल गर्दा वा एक पोखरीबाट अर्को पोखरीमा माछा ढुवानी गर्दा क्षति भएमा।

(८) मांसाहारी वा शिकारी माछाले बीमा गरेको माछा खाईदिएमा।

(९) पोखरी वा रेसवेको क्षमता भन्दा बढी माछा पालन गरेमा।

(१०) तोकिएको स्टकिंग दर भन्दा बढि स्टकिंगको कारणबाट अक्सिजनको कमि भएर माछा मरेमा।

परिच्छेद-४

बीमा सम्बन्धी शर्त

६. प्रस्ताव तथा स्वीकृतिः (१) बीमालेख जारी गर्नुपूर्व बीमितले अनुसूची-१ बमोजिमको प्रस्ताव फाराम पूर्णरूपमा भरी बीमकलाई बुझाउनु पर्नेछ।

(२) प्रस्ताव फाराममा उल्लेख भएको विवरणमा फरक पारी बीमालेख जारी गर्न पाइने छैन।

(३) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमा अवधि समाप्त हुन लागेको सूचना जुनसुकै माध्यमबाट बीमितलाई दिन सक्नेछ।

७. प्राविधिक जाँच सिफारिसपत्रः (१) बीमकले पूर्णरुपमा भरेको प्रस्ताव फाराम प्राप्त गर्दा अनुसूची-२ बमोजिम सम्बन्धित प्राविधिकबाट बीमा गर्न प्रस्तावित माछा बीमा योग्य छ वा छैन भनी प्राविधिक जाँच वा सिफारिसपत्र प्राप्त गरेको हुनु पर्नेछ।

(२) बीमालेख जारी भएपश्चात् प्राविधिकले बीमा अवधिभित्र बीमा गर्न सिफारिस गरेको माछाको कम्तीमा एकपटक पुनः जाँच परीक्षण तथा निरीक्षण गरी सोको प्रतिवेदन अनुसूची-३ बमोजिम बीमकलाई दिनु पर्नेछ र बीमकले उक्त जाँच परीक्षणको प्रतिवेदन समेत बीमालेखसंग संलग्न गरी राख्नु पर्नेछ।

(३) प्राविधिकले बीमालेख जारी भएपश्चात् बीमा गरिएको माछा उपदफा (२) बमोजिम पुनः जाँच परीक्षण गर्दा बीमितले शर्तहरू पूरा गरेको रहेनछ भने बीमालेख स्वतः रद्द हुनेछ।

८. बीमालेखमा प्रयोग भएका शब्दावलीको अर्थः (१) बीमालेख सहित बीमा प्रस्ताव फाराम, अनुसूची, तालिका, बीमाशुल्क भुक्तानी रसिदलाई एकमुष्ठ माछा बीमा करार वा बीमालेखको रूपमा बुझ्नु वा पढ्नु पर्नेछ र तिनलाई अलग्गै पढ्न, बुझ्न वा टुक्र्याएर बीमालेखको अर्थ लगाउन पाइने छैन।

(२) यस बीमालेखमा प्रयोग भएका विशेष प्राविधिक शब्दावलीको अर्थ परिभाषा खण्डमा उल्लेख भए बमोजिम हुनेछ।

९. बीमालेख रद्द हुने अवस्था (१) देहायको अवस्थामा बीमकले बीमालेख रद्द गर्न सक्नेछ: -

(क) बीमितले बीमालेखको शर्त उल्लंघन गरेको,

(ख) बीमाको मूलभूत विवरण ढाँटेको वा गलत ढंगले उल्लेख गरेको,

(ग) बीमा गरेको वस्तुलाई उचित स्याहार, सम्भार नगरी गम्भीर लापरवाही गरेको,

(घ) बीमा गरेको वस्तु त्याग गरेको,

(ङ) गैरकानूनी तवरले बीमा गराएको ,

(च) बीमायोग्य हित कायम नभएको।

(२) बीमितले उपदफा (१) बमोजिमको कुनै कार्य गरेको पाइएमा सोको प्रमाण समेत संलग्न गरी बीमालेख रद्द गर्न सक्नेछ।

तर, बीमालेख रद्द गर्नु अघि बीमकले बीमितलाई कम्तीमा सात दिनको लिखित स्पष्टीकरणको मौका दिनु पर्नेछ।

(३) बीमकले उपदफा (२) बमोजिम बीमालेख रद्द गरेको प्रमाण सहित पन्ध्र दिनभित्र नेपाल बीमा प्राधिकरणमा जानकारी गराउनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमितले अनुरोध गरेमा बीमकले बीमालेख रद्द गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम बीमालेख खारेज गर्दा अनुदान प्राप्त नहुने बीमितलाई बाँकी अवधिको समानुपातिक बीमाशुल्क फिर्ता गर्नु पर्नेछ र अनुदान प्राप्त हुने बीमितलाई कुनै रकम फिर्ता गर्नुपर्ने छैन।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वास्तविक मूल्यभन्दा बढी रकमको बीमाङ्क कायम गरी बीमा गराएको बीमालेख स्वतः रद्द हुनेछ र बीमकले सोको जानकारी नेपाल बीमा प्राधिकरणलाई तुरून्त दिनु पर्नेछ।

१०. <u>योगदानः</u> (१) यस बीमालेखबाट बीमा गरिएको माछाको पूरा वा केही अंश अर्को कुनै पनि बीमालेखद्वारा बीमा गर्न पाइने छैन।

(२) कुनै कारणवश बीमा गरिएको माछाको बीमा अन्य बीमकमा समेत भएको रहेछ र त्यस्तो माछा आंशिक वा पूरा अंश दावी परेमा बीमकले आफ्नो भागको क्षतिपूर्ति रकम समानुपातिक रूपमा प्रदान गर्नुपर्नेछ।

११. <u>प्रत्यासनः</u> (१) बीमा गरिएको माछाको क्षतिबापत् बीमितले बीमक बाहेक अन्य पक्षबाट समेत क्षतिपूर्ति पाउने रहेछ भने बीमकबाट क्षतिपूर्ति प्राप्त गर्दा अन्य पक्षबाट क्षतिपूर्ति पाउने अधिकार बीमकलाई सुम्पनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्नका लागि बीमितले बीमकलाई अधिकार सुम्पनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अन्य पक्षबाट क्षतिपूर्ति प्राप्त गर्नका लागि बीमकले जुनसुकै समयमा उपयुक्त र आवश्यक कारवाही गर्न सक्नेछ।

१२. <u>स्वामित्व परिवर्तनः</u> (१) बीमितले आफूले बीमा गरेको माछाको स्वामित्व परिवर्तन वा हस्तान्तरण गरेको खण्डमा बीमकलाई तीस दिनभित्र जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपश्चात् बीमकले तत्काल बीमालेखको निःशुल्क नामसारी गरिदिनु पर्नेछ।

१३. <u>बीमालेखको पुनर्स्थापनाः</u> माछा बीमालेख अन्तर्गत दावी परेपश्चात् बाँकी बीमाङ्क रकमको पुनर्स्थापना गर्न पाइने छैन।

१४. <u>बीमालेखको अवधिः</u> (१) माछा बीमालेख जारी गर्दा घण्टा र मिनेटसमेत खुल्ने गरी मिति उल्लेख गर्नुपर्नेछ।

(२) बीमालेखमा उल्लेख गरिएको बाहेकका बीमालेखहरू जारी गर्दा जारी भएको मिति र जोखिम प्रारम्भ भएको मिति फरक हुने गरी जारी गर्न पाइने छैन।

(३) बीमालेखको अवधि समाप्त हुने मितिको मध्यरात बाह्रबजे बीमा अवधि समाप्त हुनेछ।

(४) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमा अवधि समाप्त हुन लागेको सूचना जुनसुकै माध्यमबाट बीमितलाई दिनु पर्नेछ।

१५. बीमकको कर्तव्यः यस बीमालेखमा उल्लेख भएका तथा देहायका सम्पूर्ण शर्तहरू बीमकले पालना गर्नुपर्नेछः-

(क) बीमालेख जारी गर्नु अघि बीमा गरिएको वस्तु समेटिएको विभिन्न कोणबाट खिचिएको स्थिर फोटो कम्तीमा पाँचवटा र कम्तीमा एक (१) मिनेटको भिडियो क्लिप प्रस्ताव फारामसँगै प्राप्त गरेको हुनु पर्नेछ।

(ख) बीमकले पूर्ण रूपमा भरिएको प्रस्ताव फाराम प्राप्त भएपछि मात्र बीमा गर्नुपर्नेछ।

(ग) माछा बीमालेख लिने बीमितको हकहित विरूद्ध क्षति पुर्याउनु हुँदैन।

(घ) बीमालेख जारी गर्दा वा बीमा दावी फछ्यौंट गर्दा आवश्यक पर्ने सम्पूर्ण विवरण तथा कागजात, फोटो तथा भिडियो आदि सुरक्षित रूपमा अभिलेख गरी राख्नु पर्नेछ।

(ङ) बीमालेखमा उल्लेख गरिएको बीमादरको आधारमा बीमाशुल्क गणना गर्नुपर्नेछ।

(च) बीमकले यस बीमालेख बमोजिम माछाको बीमा गर्दा शर्त पूरा नगरी बीमा गरेको रहेछ भने बीमकले दावीको समयमा सर्त पूरा नभएको भनी दवी अस्विकार गर्न पाउने छैन।

१६. बीमितको दायित्वः (१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरूको बीमितले पूर्ण रूपमा पालना गर्नु पर्नेछ।

(२) बीमा गरिएको माछाको उचित स्याहार, रेखदेख गर्नुका साथै क्षति हुनबाट बचाउन उपयुक्त सावधानीका उपायहरू अपनाउनु पर्नेछ।

(३) बीमितले दावी, छानबिन, अनुसन्धान वा क्षति मूल्याङ्कनको क्रममा प्रहरी, बीमक तथा अन्य अधिकारप्राप्त निकायलाई पूर्ण रूपमा सहयोग गर्नुपर्नेछ।

(४) दावी यकिन गर्नका लागि बीमितले आवश्यक प्रमाण जुटाउन बीमकलाई सहयोग गर्नुपर्नेछ।

१७. आंशिक बीमा गर्न नपाईनेः यस बीमालेख अनुसार गरिने माछाहरूको आंशिक बीमा गर्न पाईने छैन।

परिच्छेद – ५

बीमाङ्क तथा बीमाशुल्क

१८. बीमाङ्क निर्धारण: (१) यस बीमालेख बमोजिम गरिने माछाको बीमाङ्क निर्धारण कायम गर्दा बीमालेखको अनुसूची-४ मा उल्लेख गरिएको माछा बीमाङ्क निर्धारण सूचक बमोजिम उत्पादन मूल्यलाई (Product Value) आधार लिनुपर्नेछ।

(२) विदेशी नश्लका माऊ माछाको हकमा बीमाङ्क निर्धारण गर्दा अनिवार्य रुपमा विदेशमा पैसा पठाएको प्रमाणपत्र, वंशावली अभिलेख (Pedigree Record), बीजक, ढुवानीको निस्सा, राजश्व तिरेको कागज, प्रचलित कानून बमोजिम जारी गरिएको क्वारेन्टिन प्रमाणपत्र आदि पेश गरिएको हुनुपर्नेछ।

१९. बीमाङ्क परिवर्तन: (१) बीमालेख जारी भई सकेपश्चात् बीमाङ्क रकम परिवर्तन गर्न पाइने छैन।

(२) बीमा अवधिभित्र बीमा गर्नुपर्ने माछा थप गर्नु परेमा त्यसरी थप गरिने माछा लागि छुट्टै बीमालेख जारी गर्नुपर्नेछ।

२०. बीमाशुल्क गणना: (१) यस बीमालेख बमोजिम गरिने माछाको बीमा न्यूनतम तीन महिना देखि अधिकतम बाह्र महिनासम्म गर्न सकिनेछ।

(२) यस बीमालेख बमोजिम गरिने माछाको बीमाशूल्क तीन प्रतिशतका दरले लाग्नेछ।

(३) यस बीमालेख बमोजिम बीमाशुल्क गणना गर्दा अनुसूची-५ बमोजिमको बीमा सम्बन्धी विवरण तथा बीमाशुल्क गणना तालिकामा स्पष्टसंग उल्लेख गर्नुपर्नेछ।

(४) प्रजनन् प्रयोजनका लागि पालिएको माछाको बीमा गर्दा माछाको वजन बाह्र के.जी.भन्दा बढि हुनु हुँदैन।

(५) यस बीमालेखमा उल्लेख भएको दुर्घटना बीमा बापत बीमाशुल्क प्रति बीमित ५०० (पाँच सय) रूपैयाँ लाग्नेछ।

(६) एक वर्ष भन्दा कम अवधिको बीमालेखको लागि समेत उपदफा (३) मा उल्लेख गरिएको दुर्घटना बीमा बापतको बीमाशुल्क कायम गरिनेछ।

(७) माछा पालनको लागि प्रयोग हुने भौतिक संरचना जस्तै पोखरी वा रेसवेको बीमा नेपाल बीमा प्राधिकरणबाट जारी सम्पत्ति बीमा निर्देशिका, २०७५ मा उल्लेख गरिए बमोजिम गरिनेछ र यसमा कुनै किसिमको अनुदानको व्यवस्था गरिएको छैन।

२१. बीमाशुल्क भुक्तानी: (१) बीमितले बीमाशुल्क भुक्तानी गरेको रकम बीमकको बैंक खातामा जम्मा भएको प्रमाण बीमकले प्राप्त नगरेसम्म बीमालेख जारी गर्न पाईने छैन।

२२. सामूहिक बीमा: (१) माछा बीमा सामूहिक रूपमा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सामूहिक बीमालेख जारी गर्दा बीमालेख धारक संस्थाले प्रत्येक बीमित किसानको छुट्टाछुट्टै प्रस्ताव फाराम भर्नु पर्नेछ।

(३) सामूहिक रूपमा गरिएको माछाको बीमाको हकमा बीमालेखमा आवद्ध प्रत्येक व्यक्तिको छुट्टाछुट्टै दुर्घटना बीमा गरेको हुनु पर्नेछ र सोको विस्तृत विवरण अनुसूची-६ बमोजिम राख्नुपर्नेछ।

(४) सामूहिक बीमालेख जारी गरेपश्चात बीमालेखधारक संस्थाले प्रत्येक बीमितको छुट्टाछुट्टै माछापालन गरिएको अभिलेख कायम गर्नुपर्नेछ।

(५) सामूहिक बीमा गर्ने प्रयोजनका लागि मात्र संस्था वा समूह गठन गर्न पाइने छैन।

परिच्छेद-६

माछा बीमालेख सम्बन्धी प्राविधिक व्यवस्था

२३. पालना गर्नुपर्ने व्यवस्थाः (१) बीमितले माछा पालन गर्दा देहायका व्यवस्था पालना गर्नुपर्नेछ :-

(क) माछा पालनको लागि तयार गरिएको पोखरी (जलाशय) न्यूनतम दुई सय वर्ग मिटर र कम्तीमा एक मिटर गहिराई हुनुपर्नेछ तर, पंगास माछापालनको हकमा पोखरी (जलाशय) को गहिराई कम्तिमा एक दशमलब पाँच मिटर हुनपर्नेछ।

(ख) माऊ माछा पालन पोखरीको हकमा पोखरीको क्षत्रफल न्युनतम दुई हजार वर्ग मिटर सम्म हुनुपर्नेछ।

(ग) पोखरीमा माछा व्यवस्थापन गर्दा माउ माछा प्रति हेक्टर बढीमा सत्ताइस सय के.जी. हुने गरि व्यवस्थापन गरिएको हुनुपर्नेछ र पानीको गहिराई कम्तिमा एक दशमलब पाँच मिटर हुनुपर्नेछ।

(घ) रेन्वो ट्राउट माछापालन समुन्द्र सतहदेखि दुई हजार पाँच सय मिटरसम्म पालन गर्न सकिनेछ।

(ङ) पंगास माछापालन समुन्द्र सतहदेखि सत्र सय मिटरसम्म पालन गर्न सकिनेछ।

(च) माछा पोखरी/रेसवे निर्माण गर्नु भन्दा अघि दक्ष प्राविधिकबाट पोखरीको ढाँचा तयार गराउनु पर्नेछ।

(छ) पोखरी वा रेसवेमा भुरा राखेको पन्ध्र (१५) दिन भित्र बीमा गरी सक्नुपर्नेछ।

(ज) माछाको भूरा ढुवानी गर्दा माछामा कुनै रोगको लक्षण नदेखिएको हुनुपर्नेछ।

(झ) मत्स्य बीजको आपूर्ति नेपालमा प्रचलित कानून बमोजिम संचालन भएका ह्याचरी तथा मत्स्य केन्द्र, मत्स्य अनुसन्धान केन्द्र, मत्स्य विकास केन्द्रबाट लिइएको हुनुपर्नेछ।

(ञ) न्यानो पानीमा हुर्कने माछा जस्तै कार्प र पंगासको हकमा मंसिर, पुस र माघ माहिनामा सुरुको स्टक राख्नु हुदैन।

(ट) पोखरीमा माछाको भूरा राख्दा अनुसूची-७ बमोजिमको माछाको स्टकिङ्ग दर तालिकामा उल्लेख भए अनुसार सही अनुपातमा राख्नुपर्नेछ।

(२) बीमित माछा सम्बन्धमा देहायका प्राविधिक व्यवस्था पालन गर्नुपर्नेछः

(क) बीमा गरेको माछाको लागि व्यवस्थित पोखरीको व्यवस्था गर्नुपर्नेछ।

(ख) माछालाई स्वस्थ्य र निरोगी राख्नु पर्नेछ र कुनै रोग लागेमा तत्काल आफ्नै खर्चमा उचित रेखदेख, रोकथाम वा उपचार गराई सोको प्रमाण सुरक्षित राख्नु पर्नेछ।

(ग) माछाको अद्यावधिक विवरण जस्तै- पोखरी वा रेसवेमा राखिएको भुरा संख्या, बिक्रि गरिएको संख्या, दाना, रोगको संक्रमण तथा उपचार र खर्चको अभिलेख अनुसूची-८ मा उल्लेख भए बमोजिम राख्नुपर्नेछ।

(घ) बीमित माछाको मृत्यु विषालु पदार्थ वा अन्य कुनै कारणले भएको अवस्थामा बीमकलाई तत्काल खबर गर्नुपर्नेछ।

(ङ) बीमकले चाहेको समयमा बीमकको प्रतिनिधिलाई जुनसुकै समय माछापोखरी परीक्षण वा निरीक्षण गर्न दिनु पर्नेछ।

परिच्छेद-७

दावी सम्बन्धी प्रक्रिया

२४. क्षतिको सूचनाः (१) यस बीमालेखले रक्षावरण गरेको जोखिमका कारणबाट माछामा क्षति भएमा क्षति भएको बाटोको म्याद बाहेक दुई दिनभित्र बीमितले बीमकलाई टेलिफोन, फ्याक्स, ईमेल, एस.एम.एस वा लिखित पत्र वा अन्य कुनै माध्यमबाट सोको जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएको अड्चालिस घण्टाभित्र बीमक वा बीमकको प्रतिनिधिले निरीक्षण गर्न सक्ने हुँदा सो अवधिसम्म क्षति भएको स्थानलाई सुरक्षित गरी राख्नु पर्नेछ।

२५. दावी सम्बन्धी प्रक्रियाको लागि आवश्यक कागजातहरूः (१) बीमितबाट क्षतिको सूचनामा प्राप्त गरेपछि दावी भुक्तानी प्रक्रियाको लागि बीमकले बीमितसंग देहाय बमोजिम कागजातहरू माग गर्नु पर्नेछ।

(क) पूर्ण रुपले भरिएको दावी फाराम।

(ख) पूर्ण क्षतिको हकमा सक्कल बीमालेखको प्रति र आंशिक क्षतिको हकमा बीमालेखको छाँयाप्रति।

(ग) कम्तीमा पाँचजना छिमेकको सर्जमिन मुचुल्का (मुचुल्कामा हस्ताक्षर गर्ने सबैको नाम थर, ठेगाना र सम्पर्क नम्बर समेत खुलाई)।

(घ) स्थानीय तह मातहतको सम्बन्धित पशु सेवा शाखा वा सम्बन्धित पालिका कार्यक्षेत्रमा रहेको प्रदेश मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मत्स्य विकास कार्यालय वा प्रादेशिक फार्म केन्द्रको वा प्राविधिकको सिफारिस।

(ङ) बाढी ग्रस्त क्षेत्रको हकमा जिल्ला विपद् व्यवस्थापन कर्यालयको सिफारिस पत्र ।

(च) माछा सम्बन्धी अद्यावधिक अभिलेखको प्रति।

(छ) पोखरीमा रहेको मरेको माछाको फोटो।

(ज) विषालु पदार्थको कारणबाट बीमित माछा मरेको अवस्थामा पोखरीमा रहेको मरेको माछाको फोटो र प्रहरी मुचुल्का समावेश गर्नुपर्नेछ ।

(२) बीमित माछाको दावी गर्नु अगाडि यदि समय-समयमा माछा बिक्री वितरण गरिएको भए सो संख्या घटाई माछा पोखरीमा बाँकी माछाहरुको मात्र हिसाब गरी हुन आउने मूल्यको आधारमा दावी भुक्तानी गर्नुपर्नेछ ।

२६. दावी फछ्र्यौटः (१) बीमकले आफू समक्ष परेको माछा बीमा दावीको तत्काल छानबिन प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ ।

(२) बीमा दावी सम्बन्धी जानकारी वा सूचना प्राप्त भए पछि बीमकले दावी भुक्तानी प्रक्रिया पूरा गर्न बीमितलाई सहयोग गर्नु पर्दछ ।

(३) बीमकले उपदफा (१) बमोजिम माछा बीमाको दावी सम्बन्धी आवश्यक कागजात प्राप्त भएपछि (बीमक आफैंले क्षति मूल्याङ्कन गर्ने अवस्थामा बाहेक) बीमितले क्षतिको जानकारी दिएको बढीमा सात दिन भित्र क्षति मूल्याङ्कनकर्तालाई खटाउनु पर्नेछ ।

(४) क्षति मूल्याङ्कनकर्ताले बीमा गरिएको वस्तुको क्षति स्पष्ट देखिने गरी विभिन्न कोणबाट आफैंले खिचेको कम्तीमा पाँच वटा फोटो र कम्तीमा एक मिनेटको भिडियो क्लिप अनुसूची-९ बमोजिम क्षति मूल्याङ्कन प्रतिवेदनसङ्गै संलग्न गरेको हुनुपर्नेछ ।

तर, क्षति मूल्याङ्कनकर्ताले परिस्थितिजन्य अवस्थामा क्षतिको फोटो र भिडियो क्लिप आफैंले खिच्न नसकेको अवस्थामा बीमितले खिचेको सम्बन्धित क्षतिको कम्तीमा पाँच वटा फोटो र कम्तीमा एक मिनेटसम्मको भिडियो क्लिप समावेश गर्न सकिनेछ ।

(५) क्षति मूल्याङ्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको पन्ध्र दिन भित्र भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी बीमक समक्ष पेश गर्नु पर्नेछ ।

(६) क्षति मूल्याङ्कनकर्ताले गलत मूल्याङ्कन गरेको वा यस निर्देशिकाको वर्खिलाप हुने गरी कुनै कार्य गरेको पाइएको खण्डमा बीमकले प्राधिकरणको स्वीकृतिमा पुनः अर्को मूल्याङ्कनकर्तालाई क्षति मूल्याङ्कनका लागि खटाउन सक्नेछ ।

(७) बीमक आफैंले क्षति मूल्याङ्कन गर्न सक्ने अवस्थामा समेत उपदफा (५) बमोजिमको अवधि भित्र क्षति मूल्याङ्कन गरी अनुसूची-९ बमोजिम क्षति मूल्याङ्कन प्रतिवेदन संलग्न गरेको हुनुपर्नेछ ।

(८) क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको पैंतीस दिन भित्र बीमकले दायित्व एकिन ठहर गरी बीमितलाई दावी भुक्तानी गर्नु पर्नेछ र बीमितले दावी बापत रकम नपाउने रहेछ भने कारण सहित लिखित बीमितलाई जानकारी दिनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम बीमकले दावी भुक्तानी गर्दा घटना घटेको समयमा भएको वास्तविक क्षति वा बीमाङ्क रकम जुन कम हुन्छ सो बराबरको रकम मात्र दावी भुक्तानी गर्नु पर्नेछ ।

२७. दावी भुक्तानी : (१) यस बीमालेखमा उल्लेख गरिएको बीमा अवधि भित्र माछाका प्रजाती मरेमा बीमाङ्क रकमको देहाय बमोजिम भुक्तानी गर्नुपर्नेछ।

अवधि	**क्षति प्रतिशत % (बीमाङ्क रकमको)**
१ दिनदेखि ९० दिनसम्म	६०%
९१ दिनदेखि १८० दिनसम्म	६५%
१८१ दिनदेखि २७० दिनसम्म	८५%
२७१ दिनदेखि ३६५ दिनसम्म (१ वर्षसम्म)	९०%

(२) माउ-माछापालनको हकमा उल्लेखित बीमा अवधिभित्र माछाका प्रजाति मरेमा बीमाङ्क रकमको नब्बे प्रतिशत रकम भुक्तानी गर्नुपर्नेछ।

परिच्छेद -८

विविध

२८. अधिकः (१) यस बीमालेख अन्तर्गत कुल दावीयोग्य रकमको १०% (प्रतिशत) प्रतिशत वा रु.१०,००० (दश हजार) मध्ये जुन कम हुन्छ सो रकम घटाएर बीमा दावी भुक्तानी गर्नुपर्नेछ।

२९. विवाद समाधानः(१) देहायका कुनै अवस्था आईपरेमा बीमितले विस्तृत विवरण खुलाई नेपाल बीमा प्राधिकरणमा उजुरी दिन सक्नेछः

(क) बीमकले दावी बापतको निवेदन लिन अस्वीकार गरेमा,
(ख) बीमकले दावी बापतको रकम दिन अस्वीकार गरेमा वा,
(ग) बीमकले बीमितलाई भुक्तानी गर्न लागेको दावी बापतको रकम कम भएको भन्ने बीमितलाई लागेमा वा ,
(घ) बीमित वा बीमालेख धारक बाहेक अन्य पक्षलाई दावी बापतको रकम भुक्तानी गर्न आँटेमा वा भुक्तानी गरेमा, र
(ङ) बीमा दावी सम्बन्धमा अन्य कुनै विवाद उत्पन्न भएमा।

(२) बीमा दावी सम्बन्धमा नेपाल बीमा प्राधिकरणले दिएको आदेशमा चित्त नबुझेमा ३५ (पैंतीस) दिन भित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदनका गर्न सकिनेछ।

...............इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

अनुसूची - १

(दफा ६ सँग सम्बन्धित)

माछा बीमा प्रस्ताव फाराम

१. माछा पालक प्रस्तावक (व्यक्ति वा संस्था) को नामः....................................

२. पूरा ठेगानाः
प्रदेश..................जिल्ला............. पालिका............... वडा नं................ टोलः .... मोबाइल नं. ....फोन न.:............. .. . ईमेल ठेगाना: ....
पेशाः...

३. प्रस्ताव फारम भरेको मिति:

४. पोखरीको क्षेत्रफल:

५. जलासयको क्षेत्रफल:

६. पोखरीको पानीको गहिराई:

७. पोखरीको स्वमित्व : क) सरकारी .... ख) निजी .... ग) संस्थागत ....

८. माछाको भुरा/माछा खरिद मुल्य:

९. माछा खरिद गरेको स्रोत: क) निजि ह्याचेरी:....... ख) आफ्नै उत्पादन....... ग) मत्स्य विकास केन्द्र .... घ) अन्य श्रोत ....

१०. भुराको किसिम: क) फ्राई .... ख) फिंगरलिङ .... ग) एडभान्स फिंगरलिङ......................

११. बीमा अवधि:

१२. तल उल्लिखित विवरण तालिकामा भर्नुहोस्:

क्र.सं.	माछाको जात	पालन-प्रविधि (सघन वा अर्धसघन माछापालन)	एक जातीय माछापालन वा बहुजातीय माछापालन	स्टक गरेको माछाको संख्या	औषत तौल (के.जी)	खरिद गरेको मिति र खरिद मूल्य	जम्मा माछा संख्या(भूरा, फिंगरलिङ्ग)
१)							
२)							

१३. माछा पालन गरिएको स्थानको पूर्ण विवरण/ ठेगानाः
प्रदेश.................जिल्ला.................पालिका................. वडा नं. .... टोलः.................. कित्ता नं. ....
चार किल्ला वा ऐलानी जग्गा जनाउने स्थानीय तहले दिएको संकेत नम्बर ....

१४. कुन प्रयोजनका लागि माछा पालन गरिएको हो, खुलाउनुहोस् ? क) उत्पादन ख) माउ व्यवस्थापन

१५. माछा पालन व्यक्तिगत वा सामूहिक के हो, खुलाउनुहोस् ? ....

१६. सामूहिक भए निम्न विवरण उल्लेख गर्नुहोस् :

१७. समूहको नाम वा बीमालेख धारकको नामः .... माछा पालन गरिएको (पोखरी रहेको) स्थान: ....
ठेगानाः.. प्रदेश:....................जिल्ला:................पालिका: ....टोलः.................... फोन नं:/मोबाईल नं:..................... ईमेल ठेगाना: ....

१८. माछा पालन शुरू गरिएको मिति: ....

१९. माछा स्वस्थ छन् वा छैनन्? यदि छैनन् भने, रोगको विवरण दिनुहोस्: ....

२०. माछा हार्वेस्ट गर्ने अनुमानित मिति उल्लेख गर्नुहोस:

२१. माछापालन गरेको क्षेत्र बाढी प्रभावित क्षेत्र हो वा होईन उल्लेख गर्नुहोस:................

२२. बीमा गरिएको माछापालन एकजातीय माछापालन वा बहु जातीय माछापालन प्रविधि कुन हो, उल्लेख गर्नुहोस्?
....

२३. माछापालनका लागि प्राविधिक सेवा कहाँबाट लिनु भएको छ ? ....

२४. माछाको पालन सम्बन्धि तालिम लिनुभएको छ ? यदि छ भने तालिम दिने संस्थाको नाम र तालिमको अवधि उल्लेख गर्नुहोस।
....

२५. माछापालन गर्दा सुविधाहरु प्राप्त गर्नु भएको छ ? यदि छ भने, कहाँबाट के-के प्राप्त गर्नु भएको छ ? ....

२६. तपाईले पाल्नु भएको माछामा यस पूर्व कुनै रोग लागेको थियो ? ....
२७. यदि थियो भने, सोबाट कति रकम बराबरको क्षति भएको थियो ? ....
२८. यदि रोगबाहेक अन्य कारणबाट हानी-नोक्सानी भएको थियो भने निम्न विवरण भर्नुहोस्ः-

वर्ष	क्षतिको कारण	माछाको संख्या

२९. यस पूर्व कुनै बीमा कम्पनीमा बीमा गर्नु भएको थियो ? यदि थियो भने निम्न विवरणहरू उल्लेख गर्नुहोस् ?

बीमकको नाम	बीमाङ्क रकम	बीमा गरेको माछाको संख्या	दावी गरेको माछाको संख्या	प्राप्त दावी भुक्तानी रकम

३०. कुनै बैंक वा वित्त कम्पनी वा सहकारीले उक्त माछा पालनमा लगानी गरेको छ ? छ भने, उक्त बैंक वा वित्त कम्पनी वा सहकारी वा अन्य कुनै समूहको निम्न विवरण उल्लेख गर्नुहोस्ः-

नाम/ठेगानाः ....

प्रदेश .... जिल्ला................... पालिका ....वडा नं. .... टोल.................... फोन नं. /मोबाइल नं................................. ईमेल ठेगानाः-...........................

लिएको वा लिन सम्झौता गरेको ऋणको रकमःरु................. अक्षरेपी (..)

म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, माछा पालन बारे यथार्थ ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछु/गर्दछौं । मैले/हामीले बीमासँग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य लुकाएको, छिपाएको छैन । यो प्रस्ताव नै बीमक र म/हामी बीच हुने सम्झौताको आधार हुने कुराको स्वःघोषणा गर्दछु/गर्दछौं ।

प्रस्तावकको
हस्ताक्षर:
नाम (संस्था वा व्यक्तिगत)
संस्था भए संस्थाको छाप:
संस्थाको हकमा संस्थाको आधिकारिक प्रतिनिधिको नाम:
मितिः

................इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

अनुसूची-२

(दफा ७ सँग सम्बन्धित)

प्राविधिक जाँच सिफारिसपत्र

(प्रस्ताव फारम साथ संलग्न हुनुपर्ने)

(१) माछा पालक प्रस्तावकको नाम (संस्था वा व्यक्तिगत) ....

(२) पूरा ठेगानाः
प्रदेश............... जिल्ला.............. पालिका................ वडा नं........ टोल..................... फोननं./मोबाईल नं...................... ईमेल ठेगाना:......................

(३) माछा जाँच गरेको मिति:

(४) प्रस्तावित माछाको विवरणः

क्र.सं.	माछाको जात	पालन प्रविधि (अर्ध-सघन वा सघन प्रविधि)	एक जातीय माछापालन वा बहुजातीय माछापालन	जलाशयको क्षत्रफल(हेक्टर वा वर्ग मिटर)	औषत तौल (के.जी)	बीमा गरिने प्रस्तावित माछा संख्या
१						
२						

(५) माछा पालन गरिएको स्थानको पूर्ण विवरणः
प्रदेश:.......पालिका:................टोल:.....................

(६) माछा पालन गरिएको क्षेत्र (हिमाल/पहाड/तराई) ....

(७) माछापालन प्रविधि:..

(८) माछा पालन गरिने पोखरीको अवस्था कस्तो छ ?

(९) बीमा गर्दा माछाको अवस्था कस्तो छ?(विहानको समयमा माछा अवलोकन गर्दा माछाको अवस्था)

(१०)परिच्छेद-६ अनुसार माछा पोखरीको निर्माण न्यूनतम मापदण्ड अनुसार गरिएको छ वा छैन? ....

(११)पोखरीमा कुनै औषधि प्रयोग गरिएको छ वा छैन? छ भने उल्लेख गर्नुहोस् ? ………………………

(१२)माछाको स्टकिङ दर/हे: ....

(१३)पोखरी बनाउँदा लागेको खर्च उल्लेख गर्नुहोस?

(१४)माछामा रोग लागेको छ वा छैन ? छ भने उल्लेख गर्नुहोस्।

(१५)माछालाई पर्याप्त सन्तुलित दानाको व्यवस्था गरिएको छ वा छैन?

(१६)माछा पोखरीमा अन्य व्यवस्थापनको विवरण जस्तै (एरियेटर संख्या, आधुनिक प्रविधि) उल्लेख गर्नुहोस्। ....

(१७)माछा फार्ममा जैविक सुरक्षाका उपायहरु अपनाईएको छ वा छैन ?

(१८)बीमा गरिने माछासँगै अन्य पशुपन्छी पालन गरिएको भए सोको विवरण उल्लेख गर्नुहोस्।

(१९)हाल माछामा कुनै रोगको संक्रमण देख्नु भएको छ ? यदि छ भने कुन रोगको संक्रमण देखिएको छ उल्लेख गर्नुहोस्।
....

(२०)माछा पालनको जोखिमलाई स्वीकार गर्न नमिल्ने अरू कुनै जानकारी छ ? यदि छ भने त्यसको विवरण उल्लेख गर्नुहोस्।

(२१)उक्त माछा पालनको जोखिम स्वीकार गर्न कम्पनीलाई के सुझाव दिन चाहनुहुन्छ ?

....

यस अनुसूचीमा उल्लिखित माछाहरूको मैले ध्यानपूर्वक प्राविधिक जाँच गरे । प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही र तथ्यपरक छन् भन्ने कुरा सिफारिस गर्दछु । यसमा लेखिएको व्यहोरा ठीक, साँचो छ, झुठ्ठा विवरण भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला, बुँझुला ।

दाँया	बाँया

प्राविधिकको

नाम (व्यक्तिगत वा संस्थागत)

सहीः

ठेगानाः

मितिः

फोन/मोबाईल नं. :

प्रमाणपत्र जारी गर्ने संस्थाः

प्रमाणपत्र नंः.

कोड नं.:

दर्ता नं.:

संस्थाको हकमा कार्यालयको छापः

...............इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

अनुसूची-३

(दफा ७ (२) सँग सम्बन्धित)

प्राविधिकको पूनः जाँच परीक्षण प्रतिवेदन

(१) माछा पालक बीमितको नाम (संस्था वा व्यक्तिगत) ....

(२) माछा बीमालेख नं.:

(३) बीमा गरिएको अवधि:

(४) माछा पालन गरिएको स्थान:

प्रदेश....... जिल्ला .... पालिका................ वडा नं. .... टोल....................

(५) माछा पालन गरिएको पोखरीको क्षेत्रफल:

(६) माछा जाँच गरेको मिति:

(७) बीमा गर्दाको समयमा रहेको माछाको संख्या:

(८) माछाको उमेर.......

(९) माछा पालनको हालको अवस्था:

(क)हुर्केको माछाको संख्या ....

(ख)मरेको माछाको संख्या ....

(ग) चोरी भएको वा हराएको भए सो माछाको संख्या ....

(१०) माछाको संख्याको विवरण: १) पहिलेको संख्या: २) हालको संख्या:

(११) प्राविधिकले पुन: परीक्षण गर्ने दिनको माछाको विवरण:

क्र.सं.	माछाको जात	हालको उमेर	औसत तौल(के.जी)	हालको स्वास्थ्य स्थिति
१				
२				

(१२) माछा पालन गरिने पोखरीको अवस्था कस्तो छ ? ....

(१३) रोगको प्रकोप अनुसार उपचार गरिएको छ वा छैन ? यदि छ भने उपचार गरेको विवरण उल्लेख गर्नुहोस्।

क्र.सं.	माछाको उमेर	रोगहरुको उल्लेख	उपचार विवरण

(१४) माछाको हालको स्वस्थ्य अवस्था कस्तो छ उल्लेख गर्नुहोस ?

(१५) माछाको पोखरीको पानी कति समयको अन्तरालमा फेर्ने गरिएको छ ? उल्लेख गर्नुहोस्।

(१६)माछाको लागि आवश्यकता अनुरुप दाना दिइएको छ?

(१७) हाल माछाहरु रोग वा अन्य केही कारण मृत्यु भएको छ वा छैन? छ भने माछा संख्या र कारण उल्लेख गर्नुहोस्।

(१८) माछा पालनलाई अझ व्यवस्थित गर्न दिइएका प्राविधिक सुझावहरु उल्लेख गर्नुहोस्।

यस अनुसूचीमा उल्लिखित माछाहरूको मैले पूनः जाँच परीक्षण तथा निरीक्षण ध्यानपूर्वक गरे । प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही र तथ्यपरक छन् भन्ने कुरा सिफारिस गर्दछु । यसमा लेखिएको व्यहोरा ठीक, साँचो छ, झुठ्ठा विवरण भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला, बुँझुला ।

प्राविधिकको

नाम (व्यक्तिगत वा संस्थागत)

सहीः

ठेगानाः

मितिः

फोन/मोबाईल नं. :

प्रमाणपत्र जारी गर्ने संस्थाः

प्रमाणपत्र नं:.

कोड नं.:

दर्ता नं.:

संस्थाको हकमा कार्यालयको छापः

...............इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

अनुसुची – ४

(दफा १८ संग सम्बन्धित)

माछाको बीमाङ्क निर्धारण सूचकहरू

*उत्पादन मूल्य (Product Value) भन्नाले यस अनुसूचीमा उल्लेख भएको मूल्यलाई सम्झनु पर्छ।

पक्ष:पक्ष भन्नाले पन्ध्र दिनको एक पक्ष सम्झनुपर्छ।

अर्ध-सघन माछापालन

क्र.सं.	**सुरुको फिंगरलिङ्ग स्टकिंग प्रति हेक्टर**	**सरदर तौल(ग्राम)**	**उत्पादन मूल्य (Product value)**
१	१०,०००	१०	२८०००
२		१५	४२०००
३		२५	७००००
४		४५	१२६०००
५		६०	१६८०००
६		९०	२५२०००
७		१३०	३६४०००
८		१९०	५३२०००
९		२५०	७०००००
१०		३१०	८६८०००
११		४००	११२००००
१२		५००	१४०००००
१३		६००	१६८००००
१४		७००	१९६००००
१५		७२५	२०३००००
१६		७५०	२१०००००
१७		७५०	२१०००००
१८		७५०	२१०००००
१९		७५०	२१०००००
२०		७५०	२१०००००
२१		७५०	२१०००००
२२		७५०	२१०००००
२३		७५०	२१०००००
२४		७५०	२१०००००

द्रस्टव्य: कार्पको हकमा यदि सुरुमा फ्राई स्टकिंग गरेको छ भने १०,००० स्टकिंग लाई १.५ ले गुणन गरेर स्टकिंग गर्नुपर्नेछ।

* दावी परेको हकमा भने सुरुको स्टकिंग (१०,०००)लाई आधार मानेर दावी भुक्तानी गर्नुपर्नेछ।

अनुसुची –४.१

सघन माछापालन

क्र.सं.	सुरुको स्टकिंग प्रति हेक्टर	सरदर तौल(ग्राम)	उत्पादन मूल्य (Product value)
१	१५०००	२५	१०५०००
२		४५	१८९०००
३		६०	२५२०००
४		९०	३७८०००
५		१३०	५४६०००
६		१९०	७९८०००
७		२५०	१०५००००
८		३१०	१३०२०००
९		४००	१६८००००
१०		५००	२१०००००
११		६००	२५२००००
१२		७००	२९४००००
१३		७२५	३०४५०००
१४		७५०	३१५००००
१५		८००	३३६००००
१६		८५०	३५७००००
१७		९००	३७८००००
१८		९५०	३९९००००
१९		१०००	४२०००००
२०		१०००	४२०००००
२१		१०००	४२०००००
२२		१०००	४२०००००
२३		१०००	४२०००००
२४		१०००	४२०००००

द्रस्टव्य: कार्प को हकमा यदि सुरुमा फ्राई स्टकिंग गरेको छ भने १५,०००(पन्ध्र हजार) स्टकिंग लाई १.५ ले गुणन गरेर स्टकिंग गर्नुपर्नेछ।
*दावी परेको हकमा भने सुरुको स्टकिंग (पन्ध्र हजार)लाई आधार मानेर दावी भुक्तानीको गर्नुपर्नेछ।

अनुसुची – ४.२
रेन्वो ट्राउट माछा पालन

क्र. सं.	सुरुको स्टकिंग	सरदर तौल(ग्राम)	उत्पादन मूल्य (Product value)
१	१००/ १ वर्ग मिटर	२	२००
२		२.५	२५०
३		५	५००
४		८	८००
५		१२	१२००
६		२०	२०००
७		३०	३०००
८		४५	४५००
९		६०	६०००
१०		७३	७३००
११		८६	८६००
१२		९८	९८००
१३		११०	११०००
१४		१२०	१२०००
१५		१३०	१३०००
१६		१३९	१३९००
१७		१४८	१४८००
१८		१५७	१५७००
१९		१६६	१६६००
२०		१७५	१७५००
२१		१८४	१८४००

२२		२००	२००००
२३		२००	२००००
२४		२००	२००००

अनुसुची – ४.३

माउ माछापालन

क्र.सं.	सुरुको माछाको स्टकिंग/हेक्टर	सरदर तौल(कि.ग्राम)	उत्पादन मूल्य(Product Value)
१	६६७	३.०	८००४००
२		३.०	१६००८००
३		३.०	१६००८००
४		३.०	१६००८००
५		३.०	१६००८००
६		३.०	१६००८००
७		३.३३	१७७६८८८
८		३.३३	१७७६८८८
९		३.३३	१७७६८८८
१०		३.३३	१७७६८८८
११		३.३३	१७७६८८८
१२		३.३३	१७७६८८८
१३		३.६	१९२०९६०
१४		३.६	१९२०९६०
१५		३.६	१९२०९६०
१६		३.६	१९२०९६०
१७		३.६	१९२०९६०
१८		३.६	१९२०९६०
१९		४.०	२१३४४००
२०		४.०	२१३४४००
२१		४.०	२१३४४००
२२		४.०	२१३४४००

२३		४.०	२१३४४००
२४		४.०	२१३४४००

अनुसुची – ४.४

पंगास माछापालन

क्र.सं.	सुरुको माछाको स्टकिंग	सरदर तौल(ग्राम)	उत्पादन मूल्य(Product Value)
१	७०००० प्रति हेक्टर	५.०	६३०००
२		२४.१	३०३६६०
३		५५.८	७०३०८०
४		९६	१२०९६००
५		१४६.५	१८४५९००
६		२१३.२	२६८६३२०
७		२८५.७	३५९९८२०
८		२९६.४	३७३४६४०
९		४४५	५६०७०००
१०		६६६	८३९१६००
११		७९९	११७४३२००
१२		८६५	१०८९९०००
१३		९५०	११९७००००
१४		१०००	१२६०००००
१५		१०००	१२६०००००

अनुसुची – ४.५

छडी माछापालन

क्र.सं.	सुरुको माछाको स्टकिंग	सरदर तौल(ग्राम)	उत्पादन मूल्य(Product Value)
१	२००००० फ्राई/हेक्टर	२	८००००
२		४	१६००००
३		६	२४००००
४		१०	४०००००
५		१७	६८००००
६		३०	१२०००००
७		५१	२०४००००
८		९०	३६०००००

द्रस्टव्य : यदि छैठौ पक्षमा दावी भएको हकमा भने सुरुको माछाको स्टकिंगलाई ०.८ ले गुणन गरी आउने माछाको संख्यालाई आधार मानेर दावी भुक्तानीको गर्नुपर्नेछ।

...............इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

अनुसूची -५

(दफा २० को उपदफा (३) सँग सम्बन्धित)

बीमा गरिने माछाको विस्तृत विवरण तथा बीमाशुल्क गणना तालिका

<table>
<tr>
<td>माछा बीमा प्रस्तावक (व्यक्ति वा संस्था) को नामः
नागरिकता नं.
नागरिकता जारी गरिएको जिल्ला..........
नागरिकता जारी गरिएको मितिः
गैरनेपाली नागरिकको हकमा परिचय पत्र नं.
किसिम तथा नम्बर....................
गैरनेपाली नागरिकको हकमा परिचय पत्र जारी गर्ने संस्था....................
गैरनेपाली नागरिकको हकमा परिचय पत्र जारी भएको मिति ....
व्यक्ति/ संस्था वा फर्मको दर्ता भएको ठेगानाः
संस्थाको हकमा प्यान नं.
प्रस्तावकको ठेगानाः
प्रदेशः..................................जिल्ला.................. ....
पालिका....................वडा नं. ....टोल...................आवास..........
फोन नं. ....मोबाइल नं. ....
ईमेल ठेगाना............................</td>
<td rowspan="2">बीमालेख नं.
अभिकर्ताको नामः
अभिकर्ता ईजाजतपत्र नं:.
प्राविधिकको नाम तथा सम्पर्क नं.:
प्राविधिकको कोड नं:.
बीमालेख जारी मितिः
बीमालेख जारी समयः
बीमालेख जारी स्थानः
नगदी बीजक जारी मिति तथा समय:
नगदी बीजक नं:.
बीमाङ्क रकम रुः</td>
</tr>
<tr>
<td>(खुलाउनु पर्ने)
प्रस्तावित बीमाको किसिमः
माछाको कुल संख्या ....
माछाको उमेर...
माछाको जातः................................
माछाको प्रकारः.................................
बीमा प्रारम्भ मितिः ....
बीमा समाप्ति मितिः...........................
बीमा अवधिः ....</td>
</tr>
</table>

माछा पालन गरेको ठाउँ क्षेत्रफल .... प्रदेशः............................जिल्ला................... पालिका................ वडा नं..........................टोल...................आवास........ फोन नं. ....मोबाईल नं. .... ईमेल ठेगाना............................ कित्ता नं.......... चार किल्ला ...... ऐलानी जग्गाको हकमा स्थानीय तहले प्रदान गरेको संकेत नं.	बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको हकमा बैंक तथा वित्तीय संस्थाको नाम तथा ठेगानाः ऋणको रकम: ऋणको अवधि:

	माछा बीमा गणना तालिका				
इच्छाईएको व्यक्तिको	माछाको विवरण	माछा संख्या	बीमाङ्क रकम	बीमाशुल्क	जम्मा बीमाशुल्क
नाम, थरः	न्युनतम ३ महिनादेखि १२ महिनासम्म उमेर समूहका माछा			बीमाङ्क रकमको तिन (३) प्रतिशत	रु. "क"
बीमित र इच्छाईएको व्यक्तिको बीचको नाताः					
इच्छाईएको व्यक्तिको बाबुको नामः					
		जम्मा बीमाशुल्क =			रु."क "

इच्छाईएको व्यक्तिको आमाको नामः	प्रत्यक्ष छुट भएमा (प्रतिशत खुलाउने)	(५%) = रु. "ख "		
सम्पर्क नं. मोबाईल नं. .... आवासः..................	छुट पछिको बीमाशुल्क	प्रत्यक्ष छुट भएमा ("क" – "ख") = रु. "ग" छुट नभएको हकमा ("ग" – ०)		
ईमेल ठेगाना...................................	नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम	अनुदान बापत ("ग" ×... %) = रु. "घ" बीमितले तिर्ने ("ग"- "घ") = रु." ङ "		
	बीमितले दुर्घटना बीमा बापत तिर्नुपर्ने बीमाशुल्क	बीमीतको सङ्ख्या "अ"	बीमाशुल्क (रु ५००) "आ"	अ × आ
				रू. "ञ"
	बीमितले तिर्नुपर्ने जम्मा बीमाशुल्क	च + ञ = रु.		

बीमालेख स्वीकृत गर्नेको

हस्ताक्षरः

नामः

पदः

मितिः

कम्पनीको छापः

...............इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

अनुसूची- ६

(दफा २२ को उपदफा (३) सँग सम्बन्धित)

माछा पालकको सामुहिक बीमाको विस्तृत विवरण

बीमालेख धारक संस्थाको नाम: ... ...

बीमालेख धारकको ठेगानाः ... ...

बीमालेख नं.: ... ...

क्र.सं.	बीमितको नाम	ठेगाना	सम्पर्क नं.	बीमा गरिएको माछाको संख्या	बीमा गरिएको माछापालन गरेको क्षेत्रफल	कैफियत

संस्थाको प्रतिनिधिको

नामः

पदः

संस्थाको प्यान नं.

छापः

मितिः

...............इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

अनुसूची-७

(दफा २३ को उपदफा (१) को (ट) संग सम्बन्धित)

माछापालन प्रविधि अनुसार माछाको स्टकिङ दर

क्र.सं.	**माछापालन प्रविधि**	**भुरा/ हे**
१.	अर्ध सघन माछापालन	१००००
२.	सघन माछापालन	१५०००
३.	रेन्बो ट्राउट माछापालन	१००/वर्ग मिटर
४.	माउ माछापालन	६६७
५	छडी माछापालन	२००००० फ्राई
६	पंगास माछापालन	७००००

...............इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

अनुसूची-८

(दफा २३ को उपफदा (२) को (ग) संग सम्बन्धित)

माछा अभिलेखको नमूना

क्र.सं.	मिति	हार्वेस्ट (Harvest) गरिएको परिमाण(के.जी)	विक्री गरिएको परिमाण		
			परिमाण(के.जी)	प्रति के.जी मुल्य(रु)	कुल मूल्य (रु)
१					
२					
३					

माछामा लाग्ने रोगहरुकोबारे राखिने अभिलेखको नमुना

क्र.सं.	**माछाको प्रजाति**	**स्टक गरिएको संख्या**	**रोग लागेका माछाको अनुमानित संख्या**	**रोगहरुको विवरण**	**उपचार खर्च(रु)**
१					
२					
३					
४					

माछापालनमा खपत हुने दानाको अभिलेखको नमुना

क्र.सं.	**माछाको प्रजाति**	**माछा संख्या**	**दानाको खपत परिमाण(के.जी)**	**दाना प्रति के.जी मुल्य**	**कुल दाना खर्च(रु)**
१					
२					
३					
४					

.... इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

अनुसूची -९

(दफा २६ को उपदफा (४) र (७) सँग सम्बन्धित)

माछा बीमा क्षतिमूल्याङ्कन प्रतिवेदन

(१) क्षतिमूल्याङ्कनका लागि नियुक्त दिने बीमकको नामः..

क्षति मूल्याङ्कनको लागि प्राप्त पत्रको मिति ....

क्षति क्षतिमूल्याङ्कनकर्ता (व्यक्ति वा संस्था) को नामः...

प्यान नं. ....

(२) क्षति मूल्याङ्कन गर्ने लागिएको स्थानको पूरा ठेगानाः

प्रदेशः...................जिल्ला................पालिका .... वडा नं............. टोलः....................

फोन नं. .... मोबाइल नं: .... ईमेल ठेगाना: ....

क्षति क्षतिमूल्याङ्कन गर्न खटाईएको मितिः...............................

क्षति क्षतिमूल्याङ्कन लागि लागेको अवधि:...............................

क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरिएको मितिः ....

(३) दावी कर्ताको विवरणः

बीमा दावी कर्ताको नामः ....

ठेगानाः ....

बीमालेख नं... .

क्षति भएको बीमाको किसिमः आंशिक ....पूर्ण........................

(४) क्षति सम्बन्धी विवरणः

क्षति भएको मितिः ....

क्षति भएको समयः ....

क्षति मूल्याङ्कन गरिएको माछा पालन गरिएको स्थानको विवरणः

प्रदेश ....जिल्ला ....पालिका .... वडा नं....................... टोल..................... फोन नं.........

मोबाइल नं.......... इमेल ठेगाना ....

(५) **क्षतिको प्रकार:**

अग्निजन्य…………………

हावाजन्य वा पानीजन्य……….

भूमीजन्य…………………..

चट्याङ्जन्य………………..

रोगजन्य…………………...

विषालु पदार्थबाट माछा मरेमा

माछा पोखरीमा अक्सिजनको कमि भएमा ।

माछा पोखरीमा एमोनियाको कमि भएमा

(६) **माछाको विवरण:**

माछाको प्रजातिः.................

माछापालन प्रविधि:.............

उमेर(महिना वा वर्ष):............

(७) माछा क्षति हुनुको कारणः

....

(८) क्षति मूल्याङ्कनको विवरणः

....

(९) माछा संख्या क्षति भएको आधारमा मूल्याङ्कन

बीमा भएको माछाको जातः.............................

जम्मा बीमा भएको माछाको संख्याः ....

क्षति भएको जम्मा माछाको संख्याः ....

जम्मा क्षति प्रतिशतः ....

प्रति माछाको मूल्य रू... .

कुल क्षति मूल्यरू.. .

अधिक कट्टा गरी बाँकी मूल्यः......

फोटो संख्या ....

भिडियो क्लिप समयः ....

(१०) क्षतिको मात्रा निर्धारण

कुल क्षति प्रतिशतः

कुल क्षति रकमः

फोटो संख्या (कम्तीमा पाँचवटा) ....

भिडियो क्लिपको समयः(कम्तीमा एक मिनेट) ....

माथि उल्लिखित माछा पालनमा भएको क्षतिको सम्बन्धमा ध्यानपूर्वक मूल्याङ्कन गरी क्षति मूल्याङ्कन गर्दा लिएको तोकिएको संख्यामा फोटो तथा भिडियो क्लिप संलग्न गरी क्षतिको मूल्याङ्कनको क्रममा तथ्यगत जानकारी प्राप्त भएका विवरणहरू सबै ठीक र साँचो छन् । सोही अनुरूप बीमालेखको शर्त र सुविधा अनुसार निष्पक्ष तथा पक्षपात रहित रहेको स्व-घोषणा गर्दछु । यसमा लेखिएको व्यहोरा साँचो छ, झुठ्ठा विवरण भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला, बुझुँला ।

दाँया	बाँया

क्षति मूल्याङ्कनकर्ताको:

नामः

सम्पर्क नं :

मोबाइल नं :

फोन नं :

इमेल ठेगानाः

वडा नं :

दर्ता नं.:

तालिम इजाजतपत्र नं.:

हस्ताक्षर:

संस्थाको हकमा प्यान नं.:

संस्थाको हकमा कार्यालयको छाप:

मिति:............................